लुम्बिनी प्रदेश सरकार

सहरी विकास तथा खानेपानी मन्त्रालय

# सहरी विकास तथा भवन कार्यालय

बाँके,नेपाल

☎:०८४-४२०२१३(कार्यालय)
☎:९८५८०३१०२७(कार्यालय प्रमुख)

पत्र संख्या.०८२/८३
च.नं.२५९

मिति: २०८२।०६।२१

**विषय: आवश्यक समन्वय गरिदिनु हुन ।**

श्री ६ नं. वडा कार्यालय,
जानकी गा.पा., बाँके।

प्रस्तुत विषयमा जनता आवास कार्यक्रमको लागि जनता आवास समन्वय समिति क्षेत्र नं. ३(ख) बाँके, मिति २०८२/५/८ को निर्णयानुसार जानकी गा.पा. वडा नं.६ को लागि १(एक) वटा आवास संख्या निर्धारण भएकाले सोही वडाको लाभग्राही छनौट निवेदन संकलन कार्यमा आवश्यक सहकार्य तथा समन्वयको लागि अनुरोध छ, साथै सो निवेदन संकलन सुचना १(एक) थान यसै साथ संलग्न राखी पठाइएको हुँदा सबैको जानकारीको लागि सुचना टाँस गरी दिनुहोला।

.......................
राम आश्रय साह
नि. कार्यालय प्रमुख

बोधार्थ

श्री जानकी गाउँपालिकाको कार्यालय, जानकी गा.पा. बाँके- जानकारीको लागि।



E-mail: udbobanke@gmail.com, Facebook Page:www.facebook.com/udbo.banke.73

लुम्बिनी प्रदेश सरकार

सहरी विकास तथा खानेपानी मन्त्रालय

# सहरी विकास तथा भवन कार्यालय

## नेपालगंज,बाँके

सम्पर्क नं.०८४-४२०२१३

**जनता आवास निर्माणको लागि लाभग्राही छनौट सम्बन्धि निवेदन आह्वानको सूचना।**

सूचना न.:- जनता आवासः १/२०८२/०८३ सूचना प्रकाशित मिति २०८२/०६/२२

यस कार्यालयको स्वीकृत वार्षिक कार्यक्रमहरु मध्ये बांके जिल्लाको तपसिलका स्थानमा जनता आवास कार्यक्रम सञ्चालन हुन गईरहेको हुँदा इच्छुक दलित, विपन्न मुसलमान, लोपोन्मुख तथा अति सीमान्तकृत जाति तथा समुदायका विपन्न वर्गहरुले कार्यालयबाट निःशुल्क प्राप्त हुने निवेदन फारम भरी आवश्यक कागजात सहित मिति २०८२ आश्विन २८ गतेसम्म कार्यालय समयभित्र निवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| निर्वाचन क्षेत्र नं. | न.पा./गा.पा. | वडा नं. | आवास संख्या | कैफियत |
|---|---|---|---|---|
| ३(ख) | नेपालगन्ज उ.म.न.पा | १७ | ३ | वाड भरी |
| | जानकी गा.पा | १ | २ | वाड भरी |
| | | ६ | १ | वाड भरी |
| | खजुरा गा.पा | ३ | २ | वाड भरी |

निवेदन संकलन हुने स्थानः सम्वंधित वाड कार्यालयमा ।

**संलग्न हुनुपर्ने कागजातहरुः**

१) नागरिकताको प्रतिलिपि र पासपोर्ट साइजको फोटो एक/एक प्रति ।

२) जातजाती खुल्ने प्रमाण, विगतदेखि त्यस स्थानमा स्थायी बसोबास गर्दै आएको वा बसाईसराई गरेको भए स्थानीय तहको सिफारिस पत्र।

३) मालपोत वा स्थानीय तहमा आफू बसोबास गरी रहेको आवास/जग्गाको तिरो वा शुल्क बुझाएको प्रमाणको प्रतिलिपि।

४) जग्गाको स्वामित्व भएको लालपूर्जाको प्रतिलिपी वा गाँउब्लक/ऐलानी भए स्थानीय तहको सिफारिस पत्र।

५) घडेरी बाहेक खेती योग्य जग्गा भएमा लालपूर्जाको प्रतिलिपी वा स्थानीय तहको सिफारिस ।

६) बिजुली, पानी वा अन्य सुविधा शुल्क आदि बुझाएको कागजातको प्रमाणको प्रतिलिपि ।

७) असहाय, अशक्त, बृद्धबृद्धा, अनाथ बालबालिका, एकल महिला भए स्थानीय तहको सिफारिस पत्र वा प्रमाणको प्रतिलिपि।

८) वन, राष्ट्रिय निकुन्ज, सडक तथा अन्य सरकारी निकायसंग घडेरीको कुनै किसिमको विवाद नभएको स्थानीय तहको सिफारिस पत्र/विवाद भए आवास निर्माण गर्न मिल्ने सम्बन्धित निकायको अनुमति पत्र ।

**नोटः-** लाभग्राहीहरुको निवेदन र कागजातहरु जनता आवास कार्यविधि-२०७५(संशोधन) बमोजिम चेकजाच हुदा जग्गाको पूर्ण स्वामित्व भएकोलाई छनौट हुने तथा भूमि सम्बन्धी ऐन-२०२१को दफा-५२(ख)को उपदफा-५ बमोजिम कुनै व्यक्ति वा निजको परिवारलाई नेपाल सरकारले कुनै प्रकारले सरकारी जग्गा वा आवास उपलब्ध गराएको रहेछ भने त्यस्तो व्यक्ति वा परिवारलाई यस दफा बमोजिम जग्गा उपलब्ध गराईने छैन भनी उल्लेख भएकाले पूर्ण स्वामित्व प्राप्त नभएका (निस्सा, एलानी, विवादित तथा अन्य) छनौट नहुने।

नि.कार्यालय प्रमुख

निमित्त कार्यालय प्रमुख